बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)
Children as Zones of Peace National Campaign (CZOP)

च.नं. ६६/२०७४/०७५

# गर्मी र वातावरण प्रदुषण बाट बालबालिकाहरुलाई संरक्षण गर्न बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) को प्रेस-विज्ञप्ती

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) को सुरुवात सन् २००१ देखि बालबालिका तथा विद्यालय शान्तिक्षेत्र हुन भन्ने मुद्दामा वकालत गर्दै बालबालिकाका सर्वाङ्गीण विकासका समग्र विषयहरू यस अन्तर्गत समेटिने भएका कारण बालअधिकार संरक्षण, प्रवर्धन र सबलीकरणको सुनिश्चितताका लागि निरन्तर अभियान सञ्चालन गर्दै आईरहेको सञ्जाल हो । पछिल्ला केही दिनदेखि देशका विभिन्न भू-भागमा भएका आगलागी र डढेलोका घटनाहरुबाट जीउधनको क्षति भइरहेको र गर्मी, धुवा, धुलो, मौसम परिवर्तनका कारणले वायु प्रदुषण बढ्दै गएको र यसको कारणले बालबालिकाहरु प्रभावित भैइरहेको कुरा विभिन्न सञ्चार माध्यममा आइरहेको छ ।

केही वर्ष देखि नेपाल विश्वमा सबैभन्दा धेरै वायु प्रदुषण हुने देशहरुको सूचीमा पर्दै आइरहेको छ । यसका विभिन्न कारणहरुमध्ये आगलागी र डढेलो प्रमुख मानिएको छ । नेपालको कुल क्षेत्रफलको ४४.७४ प्रतिशत वन क्षेत्र हुनु सकारात्मक पक्ष भएता पनि वनमा हुने आगलागी तथा डढेलो नियन्त्रण तथा न्यूनीकरण गर्न सरकारी वन, साझेदारी वन, सामुदायिक वन, कबुलियती वन, निजी वनलगायतको व्यवस्थापन कार्ययोजनाको समेत प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ । वन डढेलो, ग्रामीण क्षेत्रमा इन्धनको रुपमा काठ,दाउरा तथा गुईंठाको प्रयोग, पेट्रोल तथा डिजेलजन्य सवारी साधनको प्रयोग, पुराना सवारी साधन, उद्योगधन्दा, अन्तरदेशीय वायु प्रदुषण आदिका कारण काठमाडौं उपत्यकालगायत देशभरिका अधिकांश स्थानमा वायु गुणस्तरको पीएम २.५ र पीएम १० को तह राष्ट्रिय तथा विश्व स्वास्थ्य सङ्गठनले नै निर्धारित गरेको मापदण्ड भन्दा निकै उच्च रहेको तथ्याङ्क सार्वजनिक भएको छ ।

जलवायु परिवर्तनका कारणले बढ्दै गरेको गर्मी, तराईमा गर्मीका कारणले तातो हावा चलिरहेको, हुरी बतास र चट्याङले गर्दा विद्यालयहरुले बिदा दिन बाध्य भएका छन । बालबालिकाहरुको शिक्षा र स्वास्थ्य जोखिममा परेको अवस्था छ । बालबालिकाहरुलाई खतरा र जोखिमहरुबाट जोगाउनु राज्यको दायित्व हुन्छ ।

नेपालको संविधानको धारा १६ मा उल्लेखित सम्मानपूर्वक बाँच्न पाउने हक , धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकको रुपमा उल्लेख गर्दै प्रत्येक नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको व्यवस्था गरिएको छ. र धारा ३९ (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य,पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १६ मा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्ने व्यवस्था गरिएको छ । वातारण संरक्षण ऐन, २०७६ को दफा १५ मा वाय प्रदुषणबाट हुने असर न्यूनीकरण वा निराकरण गर्नको लागि आवश्यक मापदण्ड निर्धारण गर्न सक्ने उल्लेख छ । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ मा उल्लिखित प्रत्येक व्यक्तिको जीवनको सुरक्षाको अधिकार, नेपाल पक्ष राष्ट्र रहेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा ११ को उपदधारा २ (क), धारा १२ उपधारा २ (ख) र (ग) मा भएको व्यवस्था बमोजिम वातावरणीय अधिकार तथा बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ ले वातावरणीय प्रदुषणबाट हुने खतरा र जोखिमहरुबाट बालबालिका जोगाउनु राज्यको दायित्व हुन्छ ।

Thapagaun-10, New Baneshwor, Kathmandu, Nepal Ph.01-5244062, URL : www.czopnepal.org,
Email : czopp.central@gmail.com, Facebook.com/czopnepal.org

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)
Children as Zones of Peace National Campaign (CZOP)

यसै सन्दर्भमा वायु प्रदूषण, आगलागी, धुवाँ, धुलो र गर्मीले बालबालिकामा हुने जोखिमबाट संरक्षण गर्न स्वच्छ र स्वस्थ वातावरणमा बालबालिकाले बाँच्न पाउने अधिकार सम्बन्धमा नेपालको संविधान तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनहरुले प्रत्याभूत गरेका प्रावधानहरुको कार्यान्वयन गर्न र यस्तो अवस्थामा बालबालिका हरुलाई घर, परिवार, विद्यालय र समुदायले उनीहरुको शिक्षा, स्वास्थ्य र संरक्षण गर्न विशेष ध्यान दिन तीनै तहका सरकार तथा सम्बन्धित सबै सरोकारवालाहरुमा हार्दिक अपिल गर्दछौं ।

मीना शर्मा
अध्यक्ष
सिजप

तिलोत्तम पौडेल
महासचिव
सिजप

मिति: २०८१ बैशाख २४ गते

Thapagaun-10, New Baneshwor, Kathmandu, Nepal Ph.01-5244062, URL : www.czopnepal.org.
Email : czopp.central@gmail.com, Facebook.com/czopnepal.org